# प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## कोशी प्रदेश, विराटनगर

विश्वमा भईरहेको सूचना प्रविधिको तीव्रत्तर विकास र [illegible] नागरिकहरुको सहज पहुँच सँगै रोजगारीको खोजी, अध्ययन-अनुसन्धान, घुमफिर, शरणार्थी जीवन लगायतका बिभिन्न कारणले आप्रवासन हुने अवस्था वढिरहेको छ। यसै शन्दर्भमा आप्रवासी श्रमिक भएकै कारणले हुने विभेदहरु माथि ध्यान राख्दै आप्रवासी श्रमिकको हक, हित र अधिकार रक्षाका साथै वैदेशिक रोजगारमा रहँदा पाउने सेवा, सुविधा लगायत उनीहरुको न्युनतम मानव अधिकारको संरक्षण/संम्बर्द्धन गर्न, सयुक्त राष्ट्र संघले डिंसेम्बर १८, सन् १९९० मा पारित भएको आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धी महासन्धि सन् २००३ जुलाई १ देखि लागु भएको छ। यसै सन्दर्भमा नेपालमा पनि आप्रवासी श्रमिक र सरोकार राख्ने बिभिन्न सरकारी, गैरसरकारी निकाय, संघ/संस्थाहरुले बिभिन्न कार्यक्रमहरु आयोजना गरी आप्रवासी श्रमिक दिवस मनाउदै आइरहेका छन्। प्रदेशको आवधिक योजनामा ***श्रमको सम्मान, प्रदेशको पहिचान:पूर्ण रोजगारी सम्मुन्नतिको आधार*** भन्ने दिर्घकालिन सोच राखिएको छ।

वैदेशिक रोजगार र यसबाट प्राप्त हुने विप्रेषणले नेपालको समग्र अर्थतन्त्रलाई सकृय र गतिशिल बनाउन महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ भने रोजगार बजारमा प्रवेश गरेका यूवाहरुलाई रोजगारीको अवसर प्रदान गरेको छ। प्रदेशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको श्रम शक्ति, त्यसबाट आर्जित ज्ञांन, सीप र अनुभवलाई परिचालन गरेर उत्पादनमूलक र प्रतिष्पर्धि बनाउने प्रदेश सरकारको नीति रहेको छ। प्रदेशबाट वैदेशिक रोजगारमा जाने सम्भावित यूवाहरु, वैदेशिक रोजगारबाट फर्किएका, वैदेशिक रोजगारमा गएका र उनीहरुका परिवारका सदस्यहरुलाई लक्षित गरी सीप अनुसारको रोजगार र क्षमता अनुसारको व्यवसाय प्रबर्द्धन गर्नु आजको आवश्यकता रहेको छ। यस प्रदेशमा सञ्चालित रोजगारका क्षेत्रहरुलाई एकीकृत गरी समग्र प्रदेशको रोजगार क्षेत्रलाई वैदेशिक रोजगारवाट फर्किएका ब्यक्तिहरुको सीप सदुपयोगमा आधारित बनाउनु पर्ने आवश्यकता समेत रहेको छ। साथै वैदेशिक रोजगारीमा रहेका नागरिक र निजका परिवारका सदस्यलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न संघ र स्थानीय तह बीच समन्वय, सहकार्य र सहजीकरण गर्दै जानु पर्ने आवश्यकता रहेको छ।

देशको कुल गार्हस्थ उत्पादनमा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको योगदान करिब २२.७ प्रतिशत रहनुले पनि वैदेशिक रोजगारको महत्व उजागर गरेको छ। यो क्षेत्रलाई स्थानीय तह, प्रदेश र संघले व्यवस्थित, मर्यादित र भरपर्दो बनाउन जरुरी छ भने सकेसम्म स्वदेशमै रोजगारी सृजना गरी वैदेशिक रोजगारमा जाने यूवाहरुलाई सीपयुक्त बनाउन आवश्यक छ।

अन्तराष्ट्रिय आप्रवासी श्रमिक दिवश, २०२३ (डिसेम्वर, १८, तदनुसार पुस २ गते) को अवसरमा देश, विदेशमा रहेर देशको अर्थतन्त्रमा योगदान पुऱ्याउन सबै नेपाली श्रमिकहरु प्रति सम्मान ब्यक्त गर्दै **" आप्रवासीको योगदानको कदर र अधिकारको सम्मान"** भन्ने नाराका साथ भव्य रुपमा मनाउन सबै स्थानीय तह लगायत सम्पूर्ण सरोकारवालाहरुलाई मन्त्रालय हार्दिक आव्हान गर्दछ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर